मुख्य समाचार।

- प्रधानमन्त्रीले , अमरीकाका राष्ट्रपतिका साथ द्विपक्षीय वार्ता गर्नुहुने
- आयकर विधेयक दुई हजार पचिस लोकसभामा पेश गरियो
- जम्मू-कश्मीरमा उपराज्यपालले युवाहरूको उपलब्धीहरूको गर्नु भयो प्रशंसा
- संयुक्त राष्ट्रको मानवाधिकार कार्यालयको रिपोर्ट अनुसार बांग्लादेशमा मानवाधीकारको हुँदैछ उल्लंघन, अनि
- चीनले पहिलो 'अंतरिक्ष केन्द्र'-को निर्माणलाई दियो स्वीकृति

**प्रधानमत्री-अमरीका यात्रा**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी फ्रान्सको सफल यात्रा सम्पन्न गरेर आज तड़के वशिंगटन पुग्नुभएको छ । श्री मोदीले , अमरीकाका राष्ट्रपति श्री डोनल्ड ट्रम्पका साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ । अमरीकामा भारतका राजदूत **श्री विनय मोहन क्वात्रा र** अन्य अधिकारीहरूले हवाई अड्डामा प्रधानमन्त्री श्री मोदीलाई स्वागत गरे । भारतीय समुदाय श्री मोदीको स्वागतका लागि **ब्लेयर हाउस** बाहिर उपस्थित थिए। डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको रूपमा कार्यभार सम्हालेपछि अमेरिका भ्रमण गर्ने श्री मोदी विश्वका पहिलो प्रमुख नेतामध्ये एक हुन् ।अमरीका यात्राका लागि प्रस्थान गर्नु अघि, श्री मोदीले भन्नुभयो, उहाँको अमरीका यात्रा उहाँको पहिलो कार्यकालमा सहयोगलाई अघि बढ़ाउन र दुबै देश बीच साझेदारी प्रगाढ़ गर्ने एजेन्डामा आधारित हुनेछ। उहाँले , पेरिसमा द्विपक्षीय वार्तामा फ्रान्सका राष्ट्रपति श्री **इमानुएल मैक्रो-का** साथ भारत-फ्रान्स रणनीतिक साझेदारीका लागि बलियो प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**जॉर्डन - फिलिस्तीन**

जोर्डनका प्रधानमन्त्री श्री जाफर हसनले भन्नुभएको छ, गाजाका दुई हजार बीमार नानीहरूको उपचार गर्नका लागि उहाँको देश तयार छ, किनभने तटीय क्षेत्रमा स्वास्थ्य सेवा प्रणाली तबाह भएको छ। जोर्डनको सरकारी पेट्रा समाचार एजेन्सी अनुसार, पी.एम श्री हसनले जोर्डनको स्पष्ट र अटल स्थितिको पुष्टि गर्दै भन्नुभएको छ, फिलिस्तीनीहरूको न त पुनर्वास हुनु पर्छ र न विस्थापन। उहाँले भन्नुभयो, फिलिस्तीनी मुद्दाको कुनै पनि समाधान जोर्डनको कीमतमा हुनुहुँदैन । जोर्डनका विदेश मन्त्री **श्री अयमान सफादीले**जो भन्नुभयो , उहाँको देशले गाजा संग फिलिस्तीनीहरूलाई जोर्डन र मिस्र सहित अन्य देशमा स्थानान्तरीत गर्ने कुनै पनि प्रस्ताव स्वीकार गर्नेछैन।

**संसद - स्थगित**

**वक्फ संशोधन विधेयक- दुई हजार चौबीसमा** संसद संयुक्त समितीको रिपोर्टमा विपक्षी सदस्यको हंगामा बीच लोकसभालाई दिउसो दुई बजी सम्मका लागि स्थगित गरियो । **राज्यसभामा पनि केही** समयका लागि कार्यवाही स्थगित गर्नुपर्‍यो । आज बिहान लोकसभाको बैठक शुरूभयो भने कांग्रेस, डी.एम.के र समाजवादी पार्टी सहित विपक्षी सदस्यले हंगामा गरे। लोकसभा अध्यक्ष श्री ओम बिरलाले विपक्षी सदस्यसंग सदनको कार्यवाही चल्न दिने आग्रह पनि गर्नुभयो । उहाँले भन्नुभयो , रिपोर्ट पेश भएपछि उनीहरूलाई बोल्न दिइनेछ। हो –हल्ला जारी रहेपछि अध्यक्षले सदनको कार्यवाही दिउसो दुई बजी सम्मका लागि स्थगित गर्नुभयो ।

**संशो. लोकसभा-आयकर विधेयक**

आयकर विधेयक दुई हजार पचिस आज लोकसभामा पेश गरिएको छ। यस विधेयकको उद्देश्य आयकर संग सम्बन्धीत कानूनलाई समेकित र संशोधित गर्नु हो । वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले तल्लो सदनमा विधेयक पेश गर्नुभयो। उहाँले भन्नुभयो, प्रस्तावीत कानूनमा वर्तमान आयकर अधिनियमको तुलनामा धारा र अध्यायको संख्या कम गरियो र सरल बनाइयो । उहाँले स्पष्ट गर्नुभयो प्रस्तावित विधेयकमा धाराको संख्या पाँच सय छत्तिस छ भने उन्नाइससय एकसट्ठीको आयकर अधिनियममा आठ सय उन्नाइस थियो। उहाँले भन्नुभयो ,... **byte**

**जम्मू-कश्मीर - उपराज्यपाल**

जम्मू-कश्मीरमा उपराज्यपाल श्री मनोज सिन्हाले विभिन्न क्षेत्रमा युवाहरूको उल्लेखनीय प्रगति र उपलब्धिहरूको प्रशंसा गर्नुभयो । जम्मूमा आज जम्मू-कश्मीर भारत Scouts and Guides -को राज्य पुरस्कार रेलीलाई सम्बोधन गर्दै, उपराज्यपालले जम्मू-कश्मीरका युवाहरीको विकास र प्रगतिका लागि समर्पित सामूहिक प्रयासको सराहना गर्नुभयो । उहाँले भन्नुभयो, पछिलो पाँच वर्षमा सरकारले युवा विकासमा केन्द्रित केही योजना र कार्यक्रम शुरू गरेको छ। जमीनी स्तरमा महत्वपूर्ण प्रगति भएको छ। उहाँले भन्नुभयो, युवाले हरेक क्षेत्रमा जम्मू-कश्मीरलाई गौरवान्वित गरिरहेका छन् । उपराज्यपालले Scouts and Guides -बाट नशालु दवाईहरूको दुरुपयोग विरूद्ध लड़ाईमा सक्रिय भागीदारी र युवालाई भारतको समृद्ध संस्कृति र परम्परासंग जोड्नमा सहयोग गर्न आग्रह पनि गर्नुभयो।

**17 बांग्लादेश: मानवाधिकार रिपोर्ट**

संयुक्त राष्ट्रको मानवाधिकार कार्यालयको रिपोर्ट अनुसार बांग्लादेशमा केवल **अवामी लीगको** शासनकालमा मात्र नभएर , वर्तमान अन्तरिम सरकारको कार्यकालमा पनि मानवाधिकारको उल्लंघन हुँदैछ। संयुक्त राष्ट्र एजेन्सीले हिजो नै यस सम्बन्धित रिपोर्ट सार्वजनिक गरेको थियो । रिपोर्टमा बताइएको छ, प्रोफेसर **Muhammad Yunus** -को नेतृत्व भएको अन्तरिम सरकारको सत्तामा आएपछि धार्मिक अल्पसंख्याको मानवाधिकारको उल्लङ्घन गरिएको छ ।

**वर्ल्ड रेडियो डे**

आज विश्व रेडियो दिवस हो। मानिसहरूमा रोडियोको महत्वबारे जागरूकता बढ़ाउने र रेडियोद्वारा सूचना प्राप्त गर्नमा प्रोस्साहन दिनका लागि प्रत्येक वर्ष विश्व रेडियो दिवस मनाइन्छ। यो वर्ष विश्व रेडियो दिवसको विषय छ - रेडियो र जलवायु परिवर्तन। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज विश्व रेडियो दिवसको अवसरमा मानिहरूलाई शुभकामना दिनुभएको छ र भन्नुभएको छ , रेडियो धेरै मानिसहरूका लागि एक शाश्वत जीवन रेखा रहेको छ र यसले मानिसहरूलाई सूचित र प्रेरित गर्नका साथै जोड्ने काम गर्छ। विश्व रेडियो दिवसको अवसरमा आज देशमा विभिन्न कार्यक्रमहरू आयोजित भए। नयां दिल्लीमा रेडियो महोत्सव दुई हजार पचीसको उद्घाटन गर्दै केन्द्रीय सूचना तथा प्रसारण सचिव संजय जाजूले भन्नुभयो रेडियो सूचना, शिक्षा र मनोरञ्जनको एउटा विश्वसनीय श्रोत हो। ….. byte

**8 चीन अंतरिक्ष केन्द्र**

चीनले दक्षिण चीन सागरको गहिरो पानीमा पहिलो 'अंतरिक्ष केन्द्र'-को निर्माणलाई स्वीकृति दिएको छ । यो केन्द्र दक्षिण चीन सागरको सतह भन्दा दुई हजार मीटर अर्थात् छ हजार पाँच सय साठ्ठी फुट तल स्थापित गरिनेछ। यो केन्द्र अहिले सम्मको सबैभन्दा गहिरो र तकनीकी रूपले महत्वपूर्ण पानी मुनीको स्थापनाहरूमा एक छ । यसको वर्ष दुई हजार तिस सम्म शुरू हुने सम्भावना छ ।

**उत्तराखण्ड-राष्ट्रीय खेल**

उत्तराखण्डमा चली रहेको अठतिसौं राष्ट्रीय खेलमा, कोसम्बीयाले **एरोबिक जिमनास्टिक** स्पर्धामा स्वर्ण पदक, **ग्रुप एरोबिक जिमनास्टिक** श्रेणीमा रजत पदक र **ट्रायो जिमनास्टिक स्पर्धामा** काँस्य पदक जितेको छ । **कोसम्बीया** ती उनन्साठी पुरुष र महिला खेलाड़ीहरूमा शामेल छ जसलाई हालैमा गुजरातको आयकर विभागले **मेरिटोरियस स्पोर्ट्स कोटा** भर्ती नीति अन्तर्गत भरना गरेको छ। पदक तालिकामा, सेवा खेल नियंत्रण बोर्ड चवन्न स्वर्ण सहित सन्तानब्बे पदकका साथ पहिलो स्थानमा छ । महाराष्ट्र एकचालिस स्वर्ण सहित एक सय छयालीस पदकका साथ दोस्रो स्थानमा छ भने कर्नाटक एकतिस स्वर्ण सहित बयसट्टी पदकका साथ तेस्रो स्थानमा छ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले , अमरीकाका राष्ट्रपतिका साथ द्विपक्षीय वार्ता गर्नुहुने
- आयकर विधेयक दुई हजार पचिस लोकसभामा पेश गरियो
- जम्मू-कश्मीरमा उपराज्यपालले युवाहरूको उपलब्धिहरूको गर्नु भयो प्रशंसा

- संयुक्त राष्ट्रको मानवाधिकार कार्यालयको रिपोर्ट अनुसार बांग्लादेशमा मानवाधिकारको हुँदैछ उल्लंघन, अनि
- चीनले पहिलो 'अंतरिक्ष केन्द्र'-को निर्माणलाई दियो स्वीकृति